# जिल्ला विकास समिति सिन्धुलीको एक्काइसौं जिल्ला परिषद्द्वारा स्वीकृत आ.व. ०७३/७४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सार्वजनिकीकरण कार्यक्रममा स्थानीय विकास अधिकारीले दिनु भएको बजेट बक्तव्य

## २०७२ फाल्गुन ३० गते

प्रमुख अतिथि व्यवस्थापिका संसदका सदस्य
माननीय मोहन प्रसाद बरालज्यू
माननीय गणेश कुमार पहाडीज्यू
विशिष्ट अतिथिज्यूहरु
विशेष अतिथिज्यूहरु
अन्य अतिथिज्यूहरु,
विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
विभिन्न कार्यालयका कार्यालय प्रमुखज्यूहरु,
जिल्ला विकास समितिका पूर्व सभापति तथा उपसभापतिज्यूहरु,
विभिन्न क्याम्पस तथा विद्यालयका प्रमुख तथा प्राध्यापकज्यूहरु,
कमलामाई तथा दुधौली नगरपालिकाका प्रमुखज्यूहरु,
गाउँ विकास समतिका प्रमुखज्यूहरु,
विभिन्न सामाजिक तथा गैर सरकारी संघ/संस्थाका प्रमुखज्यूहरु,
सम्पूर्ण कर्मचारी, पत्रकार, सञ्चारकर्मी, समाजसेवी, बुद्धिजीवि, उद्योग व्यवसायी, विद्यार्थी तथा उपस्थित सिन्धुलीवासी दाजुभाइ, दिदी बहिनी, बुबा आमा लगायत सम्पूर्ण महानुभावहरु,

हाम्रो निमन्त्रणालाई स्वीकार गरी जिल्ला विकास समिति, सिन्धुलीको गरिमामय एक्काइसौं जिल्ला परिषद्को सार्वजनिकीकरण कार्यक्रममा आफ्नो अमूल्य समय प्रदान गरी पाल्नु हुने प्रमुख अतिथि लगायत सम्पूर्ण महानुभावहरुमा जिल्ला विकास समिति सिन्धुली र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु ।

मुलुकमा राजनैतिक, सामाजिक, आर्थिक एवं साँस्कृतिक विकास गर्न एवं आफ्नो शासन आफै वा आफ्नो प्रतिनिधि मार्फत गराई लोकतन्त्रको संस्थागत विकास गर्नका लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति म भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । २१ औं जिल्ला परिषद्बाट स्वीकृत आगामी आ.व. ०७३।७४ को बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित छु ।

स्थानीय निकाय जनप्रतिनिधि विहिन भएको वर्तमान अवस्थामा नेपाल सरकारको निर्णय एवं निर्देशन अनुसार राजनैतिक सहमति, सहभागिता र समन्वयमा जिल्ला विकास समितिका कार्यहरु संचालन भैरहेको व्यहोरा अवगत गराउन चाहन्छु । जिल्लाका योजनाहरु पहिचान तथा छनौट गर्दा स्थानीय स्वायत्त शासन ऐन, नियम, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, विषयगत मन्त्रालयहरुबाट प्राप्त मार्ग निर्देशन, जिल्लाको आवधिक योजना जिल्ला यातायात गुरुयोजना, विभिन्न नीति निर्देशिकाहरु, क्षेत्रगत नीतिहरु, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा उल्लेखित प्रकृया अवलम्बन गरी जिल्ला भित्र उपलब्ध श्रोत साधन र क्षमता अनुसार वस्ती तहका वडा नागरिक मञ्च, बालभेलादेखि गाउँ परिषद् हुँदै इलाका स्तरीय गोष्ठी, विषयगत योजना तर्जुमा गोष्ठी एकीकृत योजना तर्जुमा गोष्ठीमा प्राथमिकीकरण गरी एक्काईसौं जिल्ला परिषद्बाट स्वीकृत गरेर यस गरिमामय सार्वजनिकीकरण कार्यक्रममा प्रस्तुत गरेको छु ।

सिन्धुली देशको पूर्वी तराईलाई जोड्ने वि.पी. राजमार्ग, मध्य पहाडी लोकमार्ग लगायत सडक संजालले जोडेको, सिन्धुलीगढी जस्तो ऐतिहासिक स्थल लगायत विभिन्न साँस्कृतिक एवं प्राकृतिक पर्यटकीय सम्भाव्यता बोकेको जिल्ला हो । जिल्लाको विकास प्रयासलाई सार्थक र परिणाममुखि तुल्याउन जिल्ला विकास समितिको छाता भित्र रही विभिन्न दातृ निकायको सहयोगमा संचालित RRR, LRIP, LGCDP, SIP, PAF, MEDEP आदि कार्यक्रमहरुले विकास प्रयासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन् । यसैगरी विभिन्न गैर सरकारी संघ संस्था, नागरिक समाज, उपभोक्ता समिति, स्थानीय समुदाय, महिला सञ्जाल, युवा क्लव, बाल क्लव, निर्माण व्यावसायी, पत्रकार एवं संचारकर्मीहरुले समेत जिल्लाको विकासमा सक्रियतापूर्वक सहकार्य गर्दै आइरहेका छन् ।

जिल्लामा प्राप्त हुने सबै प्रकारका अनुदान आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत स्थानीय निकायको कोषमा प्राप्त हुने सबै प्रकारका श्रोत तथा साधनलाई एकीकृत गरी गरिव, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएको वर्ग र समुदाय एवं क्षेत्रको समेत पहुँच, स्वामित्व र अपनत्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह र विकास निर्माण कार्य गर्न हामी प्रतिवद्ध छौं । विकास प्रकृयालाई जनमुखी, पारदर्शी, समतामूलक, सहभागितामूलक, दिगो भरपर्दो र गुणस्तरीय बनाउन पर्याप्त आधार, सम्भावना र अवसर हुँदाहुँदै समयमा स्थानीय निकायको निर्वाचन नहुनु आन्तरिक श्रोतको न्यूनता, खेती योग्य जमिनमा कृषिको आधुनिकीकरण एवं व्यवसायीकरण हुन नसक्नु, गैर सरकारी संघ संस्थाका कार्यक्रमलाई आवधिक योजनासँग तालमेल मिलाउँदै कार्यान्वयन गर्न नसक्नु, योजना अनुगमन तथा मूल्यांकन प्रणाली नतिजामुखी र वस्तुपरक हुन नसक्नु, उपभोक्ता समितिलाई यथार्थपरक ढंगले परिचालन गर्न नसक्दा श्रोत माथि कमजोर वर्गको उपस्थिति न्यून हुनु, शिक्षामा गुणस्तरीयताको कमी, नदी तथा खोलानालामा समयमा पुल नबन्दा सडक सञ्जालहरुलाई बाह्रै महिना सदुपयोग गर्न नसक्नु, स्थानीय उपभोक्ता समितिको योजनागत अनुशासन खस्कनु, हामी कर्मचारीहरुमा समेत इमान्दारी र अनुशासित भै कार्य गर्ने बानीको विकास हुन नसक्नु जस्ता समस्या तथा चुनौतीहरुले कतिपय विकासका कार्यहरु ओझेलमा परेको यथार्थ हाम्रा सामु छर्लङ्गै रहेको छ । यसै गरी जिल्लाको महत्वपूर्ण आन्तरिक श्रोतको रुपमा रहेको प्राकृतिक साधनको दोहन जथाभावी हुन जादा राष्ट्रपति चुरे संरक्षण कार्यक्रमले सीमितता गरिदिएको र आन्तरिक श्रोत कम हुन गै आन्तरिक कर्मचारी व्यवस्थापन गर्न समेत कठिनाई भैरहेको व्यहोरा निवेदन गर्न चाहन्छु । गत साल गएको विनाशकारी महाभुकम्पले हाम्रो विकास योजनालाई निरन्तरता दिन केही असहजता श्रृजना गरेको छ ।

नेपालको संविधान २०७२ ले आत्मसात गरेको स्वायत्त शासन सहितको संघीयता कार्यान्वयन गर्दै लैजानु पर्ने जिम्मेवारी समेत हामी सबैको काँधमा थपिएको छ ।

उपस्थित महानुभावहरु,

म अब गत आ.व. ०७१।७२ र चालू आ.व. ०७२।७३ को माघ मसान्तसम्मको जिल्ला विकास समितिको कार्यालय र चालू आ.व. ०७२।७३ को विषयगत कार्यालयहरुको वित्तिय तथा भौतिक प्रगति संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

जि.वि.स. को वित्तिय प्रगति तर्फ :

गत आ.व. ०७१।७२ मा चालू खर्च **तेईस करोड एकचालिस लाख उनानतीस हजार एक सय दुई रुपैया** र पूँजिगत खर्च **एकचालिस करोड बीस लाख चौतीस हजार आठ सय छब्बीस रुपैया** गरी जम्मा **चौसठ्ठी करोड एकसठ्ठी लाख त्रिसठ्ठी हजार नौ सय रुपैया** विनियोजन भएकोमा चालू खर्च **तेत्तीस करोड नौ लाख पञ्चानब्बे हजार एक सय चौतीस रुपैया** र पूँजिगत खर्च **उनानतीस करोड अठ्तीस लाख चौहत्तर हजार छ सय पचपन्न रुपैया** गरी जम्मा **बैसठ्ठी करोड अठ्चालीस लाख उनानसत्तरी हजार सात सय नब्बे रुपैया** खर्च भएको छ ।

**चालू आ.व. ०७२।७३ को माघ मसान्तसम्म** : चालू खर्च **बाईस करोड एकतीस लाख एकसठ्ठी हजार छ सय एकाउन्न रुपैया** र पूँजिगत खर्च **अठ्चालीस करोड चौतीस लाख एकहत्तर हजार आठ सय असी रुपैया** गरी जम्मा **सत्तरी करोड छैसठ्ठी लाख तेत्तिस हजार पाँच सय एकतीस रुपैया** अनुमान गरिएकोमा चालू खर्च **चार करोड छैसठ्ठी लाख उनानसाठी हजार तीन सय अन्ठाउन्न रुपैया** र पूँजिगत खर्क **सत्र करोड बीस लाख एकसठ्ठी हजार नौ सय छयाहत्तर रुपैया** गरी जम्मा **एक्काईस करोड सतासी लाख एक्काईस हजार तीन सय चौतीस रुपैया** खर्च भै वार्षिक विनियोजनको ३०.९५% मात्र खर्च भएको छ ।

यसैगरी विषयगत कार्यालय तर्फ :

चालू आ.व. ०७२।७३ को माघ मसान्तसम्म : चालू खर्च **बहत्तर करोड सैतीस लाख सतहत्तर हजार एक सय छयासी रुपैयाँ** र पूँजिगत खर्च **चौवीस करोड तीन लाख छयानब्बे हजार चार सय रुपैयाँ** गरी जम्मा **छयानब्बे करोड एकचालीस लाख त्रिहत्तर हजार पाँच सय छयासी रुपैयाँ** अनुमान गरिएकोमा चालू खर्च **बीस करोड त्रियासी लाख एक्काईस हजार पाँच सय उन्नाईस** र पूँजिगत तर्फ **दुई करोड छब्बीस लाख बयासी हजार चार सय असी** गरी कूल खर्च **तेईस करोड दश लाख तीन हजार नौ सय उनान्सय रुपैयाँ** खर्च भै वार्षिक विनियोजनको २४% मात्र खर्च भएको देखिन्छ ।

उपस्थित महानुभावहरु

अब म आ.व. ०७१।७२ मा भएको भौतिक प्रगति र चालू आ.व. ०७२।७३ मा भैरहेको भौतिक कार्य संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

१. स्थानीय सडक सुधार कार्यक्रम (LRIP) मार्फत : सिन्धुलीमाढी–भिमस्थान–चकमके–बाहुनतिल्पुङ सडकको सुधार तथा स्तरोन्नती भैरहेको यसैगरी हरिऔन–क्यानेश्वर–कमैया–पिपलमाडी, मूलकोट–नाङ्गेडाँडा–अमारे सडकको मर्मत कार्य भैरहेको छ ।
२. ग्रामीण पुनःनिर्माण तथा पुर्नस्थापना कार्यक्रम (RRRSDP) मार्फत कमारे भन्ज्याङ धापचौकी सडक निर्माणको बोलपत्र प्रक्रिया पूरा भई कार्यान्वयनको चरणमा रहेको छ ।
३. स्थानीय यातायात तथा पूर्वाधार क्षेत्रगत कार्यक्रम (RTISWAP) अन्तर्गत गा.वि.स. एवं आर्थिक केन्द्र जोड्ने बाहुनतिल्पुङ्ग–अरुणठाकुर, मूलकोट–जलकन्या, रुचानी–लंगुरखोला मघुगंगा महादेव, कपिलाकोट–कुशेश्वर दुम्जा, चकमके–आम्बोटे–बसेरी लगायतका सडकहरु निर्माणाधिन अवस्थामा रहेका छन् ।

४. ग्रामीण खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत खुरहरी खोलागाउँ, गैरीगाउँ दारिमबोटे खारखोला लगायत १० वटा खानेपानी आयोजना मध्ये ६ वटा चालू आ.व. ०७२।७३ मा सम्पन्न गर्ने र बाँकी आयोजनाहरुलाई आगामी आ.व. मा सम्पन्न गर्दै लैजाने लक्ष्य राखिएको छ ।

५. झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम अन्तर्गत बालाजोर (गल्छी), कपिलाकोट (कात्तिके फेदी), अरुणठाकुर (लाम्पाते), पूरानो झाँगाझोली (ओडारे), ककुरठाकुर (अग्राखे), जरायोटार (शहरे), आम्बोटे (कल्से), पोखरी (देउराली), लदाभिर (फेदी), जरायोटार (साजबोटे) झोलुङ्गेपुलहरु मध्ये गल्छी, कात्तिके फेदी, लाम्पाते र ओडारे झोलुङ्गेपुललाई चालू आ.व. ०७२।७३ मा सम्पन्न गर्ने गरी बजेट विनियोजन गरिएको छ भने बाँकी झोलुङ्गेपुलहरुको लागि आगामी आ.व.मा पूरा गर्दै लगिने लक्ष्य लिइएको छ ।

६. ग्रामीण विद्युतिकरण कार्यक्रम अन्तर्गत चालू आ.व. का लागि ९ मीटर लम्बाइका स्टील पोलहरु ८९० थान र ८७ किलो मिटर तार खरिद गरी जडानको चरणमा रहेको छ ।

७. साना सिंचाई कार्यक्रम अन्तर्गत चदुली, तामाजोर पाल्पाली लगायत ४५ वटा सिंचाई आयोजनाको पूर्व सम्भाव्यता अध्ययन भैरहेको छ ।

८. बौद्ध दर्शन, प्रर्वद्धन तथा गुम्बा विकास कार्यक्रम अन्तर्गत ६ वटा गुम्बाहरु मर्मत सम्भार भैरहेका छन् ।

९. संस्कृति प्रवर्द्धन कार्यक्रम अन्तर्गत कालिखोला मन्दिर लगायत १४ वटा मठ मन्दिरहरु मर्मत सम्भार भैरहेका छन् ।

१०. निर्वाचन क्षेत्र पूर्वाधार र निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत खाङसाङवेशी संगमचोक सडक निर्माण, वितिजोर गा.वि.स. मा विद्युत विस्तार, जुगेपानी–रामपुर सडक लगायतका ८९ आयोजनाहरु चालू आ.व. मा संचालन भैरहेका छन् ।

११. राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम अन्तर्गत रत्नावती गा.वि.स. मा १८ किलो वाटको सोखुखोला लघु जलविद्युत परियोजना र बालाजोर गा.वि.स. मा २३ किलो वाटको वीर जनता शहिद चदाहाखोला लघु जलविद्युत परियोजना निर्माण प्रारम्भ गरिएको छ । यसै गरी चिसापानी हरिहरपुरगढीमा सौर्य तथा वायू हाईब्रिड प्रणाली मार्फत ३० किलो वाटको विद्युत परियोजना चालू आ.व. ०७२।७३ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

१२. राष्ट्रिय प्रसारण लाइन नपुगेको भुकम्प प्रभावित गा.वि.स. मा चालू आ.व. ०७२।७३ मा सौर्य टुकी, सुधारिएको रकेट चुलो, १००० वाटका सोलार प्रणाली जस्ता नविकरणीय ऊर्जा प्रविधिहरु वितरण गर्दै लगिने छ ।

अब म आगामी आ.व. ०७३।७४ का लागि केही प्रमुख नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

<u>प्रमुख नीति तथा कार्यक्रमहरु :</u>

१. विगतका जिल्ला परिषद्बाट अंगालिएका नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

२. **"सन् २०१६ भित्र सबै मिलीजुली, खुला दिशामुक्त जिल्ला बनाऔं सिन्धुली"** भन्ने नारालाई सार्थक बनाउन जिल्लाका सबै गा.वि.स. र नगरपालिकालाई खुला दिशामुक्त घोषणा गरी आगामी आ.व. को पौष मसान्तसम्म जिल्लालाई खुला दिशामुक्त क्षेत्र (ODF) घोषणा गरिनेछ ।

३. जिल्लामा केन्द्रीय ग्रिडबाट विद्युत उपयोग गरिरहेका क्षेत्र नजिकैका स्थानहरुमा पोलिङ्ग तथा वाईरिङ्गको कार्यक्रम सम्पन्न गरिने छ भने लघु जलविद्युत उत्पादनलाई प्रोत्साहन गर्न हालसम्म जिल्ला विकास समितिबाट उपलब्ध गराउँदै आइएको स्थानीय लघु जलविद्युत अनुदानलाई निरन्तरता दिइने छ ।

४. दुधौली नगरपालिकाको फोहोर मैला व्यवस्थापनका लागि चाहिने ल्याण्ड फिल्ड साइट छनौटका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
५. नेपाल सरकारले प्रस्ताव गरेको नमूना शहर मध्येको खुर्कोट क्षेत्रलाई नगरपालिकामा सिफारिस गरिसकिएको र उक्त क्षेत्रमा आवश्यक भौतिक पूर्वाधारका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
६. जिल्ला भित्रका स्थानीय बालीको संरक्षण र प्रवर्द्धन गर्दै कृषि उत्पादनलाई जोड दिई कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्दै अगाडी बढाइनेछ । दुधौली क्षेत्रलाई धान, बाग्मती क्षेत्रलाई मकै, डाँडीगुराँसे क्षेत्रलाई भुईकटहरको पकेट क्षेत्रको रुपमा विकास गर्दै लगिने छ ।
७. जिल्ला भित्र उत्पादित जुनारमा यस वर्षदेखि देखिएको फल कुहाउने किराको प्रकोपले जुनार फल नष्ट भएको सन्दर्भमा जुनारको संरक्षण, सम्बर्द्धन र प्रर्वद्धन गर्न कृषि विकास विभाग तथा मन्त्रालयसँग आवश्यक पहल गरिने छ ।
८. जिल्लामा रहेका खानेपानी संकटलाई समाधान गर्न खानेपानी तथा सरसफाईमा काम गर्ने निकायहरुलाई खानेपानीका निम्न सुविधा पुगेका क्षेत्रहरुमा कार्य क्षेत्र बनाउन आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
९. जिल्लामा निर्माण हुने भौतिक पूर्वाधारलाई गुणस्तर र प्रभावकारी बनाउन प्राविधिक रुपमा पूर्व सम्भाव्यता अध्ययन अनिवार्य गरिनेछ भने भवन निर्माणमा हाल तय भएको भवन संहितालाई अनिवार्य गरी सुरक्षित र व्यवस्थित भवन निर्माण गर्न पहल गरिने छ ।
१०. पर्यटकीय पूर्वाधार विकासको लागि पर्यटकीय पदमार्ग पहिचान गर्न पर्यटकीय स्थलको सम्भाव्यता अध्ययन, पहिचान, संरक्षण, प्रवर्द्धन गर्दै होमस्टे सेवाको विकास गर्न नेपाल पर्यटन विकास बोर्ड तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ । सिन्धुलीगढी, फिक्कलगढी, हरिहरपुरगढी जस्ता ऐतिहासिक महत्व बोकेको स्थलहरु एवं पञ्चकन्या पोखरी, शिद्धबाबा, सिम्लेगुफा, कालिखोला, माईस्थान, कुशेश्वर दुम्जा, मधुगंगा जस्ता धार्मिक क्षेत्रहरु मध्ये वर्षैभरी यातायात पुग्ने क्षेत्रमा थप भौतिक सुधार एवं मर्मत सम्भार र नपुगेका क्षेत्रमा वर्षैभरी यातायात संचालन गर्न जोड दिइने छ ।
११. जिल्ला भित्र संचारको सहज पहुँचलाई सुनिश्चित गर्दै संचार क्षेत्रलाई अझ प्रभावकारी बनाउन दूर संचार, टेलिभिजन तथा रेडियो, पत्रकारिता क्षेत्रहरुसँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।
१२. आर्थिक केन्द्र जोड्ने सडकहरुलाई नियमित मर्मत र स्तरोन्नतीमा जोड दिइनेछ ।
१३. जिल्लामा कार्यरत गैर सरकारी संस्थालाई प्रभावकारीरुपमा परिचालन गर्न जि.वि.स. NGO Desk मार्फत अनिवार्य बजेट सार्वजनिकीकरण गराइनेछ ।
१४. लक्षित वर्गको बजेट विनियोजन र खर्च, स्थानीय योजना तर्जुमा प्रकृया, लेखा व्यवस्थापन तालिम तथा सामाजिक परिचालकहरुको क्षमता अभिवृद्धि सम्बन्धी क्रियाकलापलाई जोड दिइनेछ ।
१५. योजना निर्माण प्रकृयामा बालबालिका, महिला, पिछडिएको वर्ग, लिंग, जातिको आवाज समावेश गर्न बाल भेला, महिला सञ्जाल, आमा समूह लगायतका क्रियाकलापलाई प्रभावकारी बनाइनेछ ।
१६. जिल्लामा रहेका प्राकृतिक श्रोत, जडिबुटी, वन्यजन्तुको संरक्षण, सम्बर्द्धन गर्न जोड दिइनेछ ।
१७. नगरक्षेत्रमा व्यवस्थित शहरी विकास गर्न नगर गुरु योजना निर्माण गरी भू-उपयोग नीतिको उपयोगमा जोड दिंदै लगिनेछ ।
१८. जिल्लालाई वातावरणमैत्री, बालमैत्री, अपाङ्गमैत्री, लैंगिक हिंसा मुक्त बनाउने नीतिमा जोड दिइनेछ । आगामी आ.व. ०७३।७४ सम्ममा वातावरणमैत्री स्थानीय शासन कार्यक्रम संचालन भएका भुवनेश्वरी, वितिजोर, डाँडीगुराँसे, भद्रकाली र भिमस्थान गा.वि.स. हरुलाई आधारभूत सूचकहरु हासिल गरी वातावरणमैत्री गा.वि.स. घोषणा गर्ने लक्ष्य लिइएको छ ।
१९. ढुंगा, गिटी, बालुवा, जडिबुटी लगायतका राजश्व श्रोतहरुको वातावरणमा प्रतिकूल असर नपर्ने गरी पहिचान एवं परिचालन गरेर जिल्लाको आन्तरिक श्रोत अभिवृद्धि गर्दै लगिनेछ ।

२०. लुघ उद्यम लगायतका कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गर्दै औद्योगिकीकरण तर्फ उन्मुख गराइनेछ ।

२१. जिल्ला भित्र संचालित कार्यक्रमहरुको प्रभावकारी ढंगले संचालन गर्न विकास साझेदारीहरुसँग समन्वय गरी नतिजामुखी र परिणामुखी बनाउन सुपरीवेक्षण तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

२२. सामाजिक सुरक्षा कार्यक्रम तर्फबाल अनुदान, एकल महिला, अपाङ्ग, जेष्ठ नागरिक, लोपोन्मुख जातिहरुको भत्ता वितरण कार्यलाई बैंकिङ्ग प्रणाली मार्फत कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ ।

२३. जिल्लाबाट निकासी भई जाने विभिन्न कृषि तथा वन जन्य उत्पादनहरुको निकासी करको दररेटमा समय सापेक्ष समायोजन गर्दै जिल्लाको आय प्रर्वद्धन गर्ने व्यवस्था गर्दै लगिने छ ।

२४. सबै गाउँ विकास समितिहरुलाई वित्तिय अनुशासन एवं पारदर्शीता कायम गर्नको लागि गा.वि.स. लेखा प्रणाली (VDC Account Software) लागू गर्न प्राथमिकता दिंदै लगिने छ ।

२५. जिल्लाको अधिकांश बसोबास र खेतीयोग्य भूमी चुरे क्षेत्रमा रहेको र चुरे क्षेत्रको वन दिनानुदिन नष्ट हुँदै जाने क्रम बढेकोले चुरे क्षेत्रको संरक्षण र सम्बर्द्धनको लागि वातावरणीय प्रभाव मूल्यांकन गरी संरक्षणको आवश्यक कृयाकलाप अगाडि बढाइने छ ।

२६. आगामी आर्थिक वर्षको अन्त्यसम्ममा सरोकारवालाहरुको सहभागितामा जिल्लालाई साक्षर सिन्धुली जिल्ला घोषणा गरिने छ ।

२७. विषेशतः भूकम्प पछि क्षति पुगेका विद्यालयहरुमा विद्यालय भौतिक सुधारका कार्यक्रमहरुमा जोड दिई सुरक्षित र अनुकूल वातावरणमा शिक्षण सिकाई गर्ने, गराउने कार्यलाई उच्च प्राथमिकता दिईने छ ।

२८. समसामयिक शैक्षिक सुधारको लागि सामुदायिक विद्यालयको शैक्षिक सुधार सम्बन्धी प्रतिबद्वता पत्र सार्वजनिक गरी कार्यान्वयनमा ल्याईने छ ।

२९. हरेक निर्वाचन क्षेत्रमा २ वटासम्म उच्च माध्यमिक विद्यालयहरुमा प्राविधिक शिक्षा अध्ययन अध्यापनका लागि प्रोत्साहन गरिने छ ।

३०. जिल्लाको उपयुक्त स्थानमा प्राविधिक विश्वविद्यालय स्थापनाका लागि आवश्यक पहल गरिने छ ।

३१. सय वेडको जिल्ला अस्पताल बनाई स्टाफ नर्सको कक्षा संचालन गर्न सम्बन्धित निकायहरुमा पहल गरिने छ ।

३२. भिमेश्वर खुर्कोटको सामुदायिक अस्पताललाई थप व्यवस्थित गर्दै लगिने छ भने सिन्धुली जिल्ला अस्पतालमा ब्लड बैंक स्थापनाका लागि सहकार्य र समन्वय गरिने छ ।

३३. वि.पी. राजमार्गको उपयुक्त स्थानमा ट्रमा सेन्टर स्थापनाका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

३४. सबै बालबालिकाहरुले खोप लगाएको सुनिश्चित गरी जिल्लाका सम्पूर्ण गा.वि.स. हरुलाई पूर्ण खोप गा.वि.स. घोषणा गरी जिल्लालाई नै पूर्ण खोप जिल्ला घोषणा गरिनुको साथै प्रसुती केन्द्रमा दक्ष स्वास्थ्यकर्मीहरुबाट २४ घण्टे सेवा उपलब्ध गराउन आवश्यक पहल गरिने छ ।

३५. कमला, मरिण, चदाहा, ग्वाडखोला, तावा, ककुर, सुनकोशी लगायतका क्षेत्रमा भूक्षय, बाढी पहिरो, नदी कटान आदि रोकथामका लागि तटबन्ध नदी नियन्त्रणका लागि कार्यक्रमहरुलाई प्राथमिकता साथ अगाडि बढाईने छ ।

३६. सेती पहिरो (लाम्पानटार), न्याउले पहिरो (ककुरठाकुर), सिन्धुलीगढी (जलकन्या) लगायतका भूक्षय भएका स्थानहरुलाई रोकथाम गर्न प्राथमिकता दिंदै लगिने छ ।

३७. सिन्धुलीमाढी–चकमके, रानीवास–टाँडी सडकलाई स्तरोन्नती गर्दै कालोपत्रे गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।

३८. हरिऔन–दुम्जा, आढगढी–मझुवा, खनियाँखर्क–बाहुनतिल्पुङ एवं पिपलभन्ज्या–बस्तिपुर हुँदै रामपुर सडकहरु निर्माण तथा विस्तार गर्दै लगिने छ ।
३९. मध्य पहाडी लोकमार्गको रत्नावती–तिनखण्डे–सालुके–महादेवडाँडा–अरुणठाकुर–दुधौली नगरपालिका हुँदै सिद्धिचरण राजमार्ग जोड्ने सडक एवं सिन्धुली–चकमके–आम्बोटे–अरुणठाकुर हुँदै कटारी जोड्ने सडकहरुको निर्माण तथा सुधारमा प्राथमिकता दिइने छ ।
४०. दुधौली न.पा. ५ र कटारी न.पा. ५ को खोक्सा, क्यानेश्वरखोला, मरिण–बखफर, भालुखोला–लाम्पानटारमा पक्की पुल निर्माणका लागि सम्बन्धित निकायहरुमा पहल गरिने छ ।
४१. वि.पी. राजमार्ग बर्दिबास–सिन्धुली–नेपालथोक–धुलिखेल खण्डलाई ४ लेनमा विस्तार गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।
४२. खुर्कोट–चियाबारी सुरुङ्ग मार्गका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।
४३. जिल्ला सडक यातायात गुरुयोजना (DTMP) लाई पुनरावलोकन गरी अध्यावधिक गर्दै लगिनेछ ।
४४. जिल्ला यातायात गुरुयोजनामा आधारित योजनाहरुलाई प्राथमिकता दिँदै वर्षैभरी यातायात संचालन हुनेगरी सडकको मर्मत सम्भार एवं ड्रेनेज निर्माण गर्दै लगिने छ ।
४५. कोशी गढतिर महाभारत रेन्जमा पशु पालन व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पहल गरिने छ ।
४६. सबै गा.वि.स. केन्द्रहरुमा सडक यातायात वर्षैभरी पुर्‍याउन प्राथमिकता दिइने छ ।
४७. सिन्धुली जिल्लालाई जनताको तटबन्ध कार्यक्रममा समावेश गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।
४८. ऐतिहासिक सिन्धुलीगढी क्षेत्रलाई संग्रालय स्थापना सहित संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गरी पर्यटकीय स्थलको रुपमा विकास गर्न एवं गुरु योजना निर्माणका लागि सम्बन्धित निर्वाचन क्षेत्रका माननीय सांसदको संयोजकत्वमा संयन्त्र निर्माण गरिने छ ।
४९. सिन्धुली जिल्लाको उपयुक्त भूगोल हेरी एयरपोर्ट स्थापनाका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिने छ ।
५०. सिन्धुलीमाढी स्थित टुडिखेल मैदान लगायत अन्य नगरोन्मुख गा.वि.स. हरुमा खेल मैदान निर्माण तथा सुधारका लागि प्राथमिकता दिइने छ ।
५१. जिल्लाको समग्र विकास योजनाहरु एकमुष्ट झल्किने एवं प्राथमिकीकरण गर्ने गरी योजना बैंक बनाउने कार्यको थालनी गरिने छ ।
५२. जिल्ला विकास समितिको कार्यालयको संचालनमा रहेको भवन करिब ५० वर्ष पूरानो र जिर्ण भएको तथा गत बैशाखमा गएको भुकम्पले क्षतिग्रस्त भएको हुँदा नयाँ भवन निर्माणका लागि सम्बद्ध निकायमा अनुरोध गरिने छ ।
५३. कमलामाई नगरपालिकामा अव्यवस्थित खुलामञ्चलाई संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि आवश्यक पहल र समन्वय गरिने छ । यसै गरी नगरपालिकाले अवलम्वन गरेको पर्यटन प्रवर्द्धनका लागि Seven Spot नीति (कमलामाई जन्मस्थल, जीतपुरगढी, कमलामाई मन्दिर, रानीचुरीडाँडा, च्याउँकोट र शिद्धबाबा मन्दिर) लाई कार्यान्वयन गर्न आवश्यक सहकार्य गरिनेछ ।
५४. निश्चित सूचकहरु निर्माण गरी अनुकरणीय एवं प्रशंसनीय काम गर्ने गा.वि.स., उपभोक्ता समिति तथा कर्मचारीहरुलाई प्रोत्साहन एवं पुरस्कृत गर्दै लगिने छ ।

माथि उल्लेख नभएका नीति तथा कार्यक्रमहरुलाई सम्बन्धित विषयगत समितिका नीति तथा कार्यक्रमहरुमा समेत समावेश गरिएको व्यहोरा निवेदन गर्न चाहन्छु ।

उपस्थित महानुभावहरु

अब म यस जिल्लाको माथि उल्लेखित विभिन्न नीति तथा कार्यक्रम संचालन एवं कार्यान्वयन गर्न एक्काईसौं जिल्ला परिषद्बाट स्वीकृत आ.व. ०७३।७४ को प्रस्तावित बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

<u>जि.वि.स. तर्फ :</u>

चालू खर्च **त्रिचालीस करोड अन्ठाउन्न लाख चार हजार रुपैया** र पूँजिगत खर्च **चौउन्न करोड एकहत्तर लाख बहत्तर हजार एक सय पन्ध्र रुपैयाँ** गरी जम्मा **अन्ठानब्बे करोड उनानतीस लाख छयाहत्तर हजार एक सय पन्ध्र रुपैयाँ** खर्चको प्रस्ताव गरेको छु । जसमध्ये –

(क) **आन्तरिक आय** (कर, सेवा शुल्क दस्तुर र अन्य आय समेत) **दुई करोड चौबीस लाख एक्काईस हजार रुपैयाँ** ।

(ख) **राजश्व बाँडफाँड** (मालपोत रजिष्ट्रेशन, विद्युत रोयल्टी, वन रोयल्टी समेत) **पञ्चानब्बे लाख पचास हजार रुपैयाँ** ।

(ग) **केन्द्रीय स्तर** (सशर्त तथा निशर्त अनुदान र वैदेशिक समेत) बाट **पञ्चानब्बे करोड दश लाख पाँच हजार एक सय पन्ध्र रुपैयाँ** ।

<u>विषयगत कार्यालयहरु तर्फ :</u>

चालू खर्च **त्रिसठ्ठी करोड छब्बीस लाख सत्र हजार रुपैयाँ** र पूँजिगत खर्च **एक अरब तीस करोड पचपन्न लाख पच्चिस हजार रुपैयाँ** गरी जम्मा **एक अरब त्रियानब्बे करोड एकासी लाख बयासी हजार रुपैयाँ** खर्चको लागि प्रस्ताव गरेको छु ।

<u>त्यसैगरी विभिन्न गै.स.स. तर्फ :</u>

चालू खर्च **आठ करोड एकचालीस लाख तेत्तीस हजार रुपैयाँ** र पूँजिगत खर्च **तीस करोड सन्ताउन्न लाख अन्ठाउन्न हजार रुपैयाँ** गरी जम्मा **अठ्तीस करोड अन्ठानब्बे लाख एकानब्बे हजार रुपैयाँ** खर्च प्रस्ताव गरेको छु ।

यसरी जिल्ला विकास समिति, विषयगत कार्यालयहरु र गैर सरकारी संस्थाहरु समेत गरी आ.व. ०७३।०७४ को लागि सिन्धुली जिल्लाको कूल **तीन अरब एकतीस करोड दश लाख उनानचास हजार एक सय पन्ध्र रुपैयाँ** बराबरको बजेट प्रस्ताव गरेको छु ।

अन्त्यमा, जिल्लाको विकास निर्माण लगायत हरेक गतिविधिहरुमा सक्रिय सहभागी भै सहयोग गर्नु हुने जिल्ला स्थित सबै राजनैतिक दल, विकास प्रेमी, समाजसेवी, सरकारी तथा गैर सरकारी निकायका प्रमुखहरु, जिल्ला परिषद् सम्पन्न गर्न सक्रिय रुपमा खटिने सम्पूर्ण जि.वि.स. मा कार्यरत कर्मचारीहरु साथै राय सुझाब दिने सिन्धुलीवासी दाजुभाइ दिदी बहिनीहरु प्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु ।

यसै गरी यस जिल्लाको समष्टिगत विकासका लागि सहयोग पुऱ्याउनु हुने नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल सरकार, अर्थ मन्त्रालय लगायत विषयगत मन्त्रालयहरु, विभाग तथा निर्देशनालयहरु, जिल्लास्थित राजनैतिक दलहरु, जिल्लाका विषयगत कार्यालयहरु, दातृ निकायहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु, निजी क्षेत्र, समाजसेवी, बुद्धिजिवी, पत्रकार र सम्पूर्ण जिल्लावासीहरु प्रति धन्यवाद दिन चाहन्छु । प्रमुख अतिथि, विशिष्ट अतिथि लगायत अतिथिहरुले आफ्नो व्यस्तताका बाबजुद जिल्ला परिषद् सार्वजनिक कार्यक्रममा उपस्थित भै गरिमा बढाई दिनु भएकोमा धन्यवाद दिंदै जिल्ला विकासका हरेक अभियानमा निरन्तर सहयोगको अपेक्षा गर्दै प्रस्तुत नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि सबै पक्षको सहयोग समेत प्राप्त हुने अपेक्षा राखेको छु ।

धन्यवाद ।

३० फागुन, २०७२

ईश्वर कुमार गिरी
स्थानीय विकास अधिकारी
जि.वि.स., सिन्धुली

# अनुसूची

## १. भौतिक पूर्वाधार विकास समिति

| क्र.सं. | कार्यालयको नाम | प्रस्तावित बजेट (रु. हजारमा) | |
|---|---|---|---|
| | | चालू | पूँजिगत |
| १ | जिल्ला विकास समितिको कार्यालय | ४३५८०४ | ५४७७१७ |
| | जिल्ला प्राविधिक कार्यालय | ० | ३४९२६ |
| २ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ८६०० | ६४१२० |
| ३ | नेपाल विद्युत प्राधिकरण | ० | ३५१०० |
| ४ | शहरी विकास तथा भवन डिभिजन कार्यालय | ४३९३ | २२४५५० |
| ५ | कमलामाई नगरपालिका कार्यालय | ४८०१३ | ५७३३६ |
| ६ | दुधौली नगरपालिका कार्यालय | १९१०० | २८३०१ |
| | **जम्मा** | **५१५९१०** | **९९२०५०** |

## २. जनसंख्या तथा सामाजिक विकास समिति

| क्र.सं. | कार्यालयको नाम | प्रस्तावित बजेट (रु. हजारमा) | |
|---|---|---|---|
| | | चालू | पूँजिगत |
| १. | जिल्ला शिक्षा कार्यालय | ३०५४९६ | ३०६०७१ |
| २. | जिल्ला स्वास्थ्य कार्यालय | १४०९११ | १५६९०९ |
| ३. | महिला तथा बालबालिका कार्यालय | २०३८७ | ३४४० |
| ४. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ० | १७६५२ |
| | **जम्मा** | ४६६७९४ | ४८४०७२ |

## ३. कृषि, वन, उद्योग तथा वातावरण समिति

| क्र.सं. | कार्यालयको नाम | प्रस्तावित बजेट (रु. हजारमा) | |
|---|---|---|---|
| | | चालू | पूँजिगत |
| १. | जिल्ला कृषि विकास कार्यालय | ३६४९५ | ४३४५ |
| २. | जिल्ला पशु सेवा कार्यालय | २८८२१ | ४१७० |
| ३. | जिल्ला वन कार्यालय | ५८७१ | ३५२५५ |
| ४. | जिल्ला भू-संरक्षण कार्यालय | ५१५ | १५६०० |
| ५. | घरेलु तथा साना उद्योग विकास समिति | ६२१५ | १०३०० |
| | **जम्मा** | ७७९१७ | ६९६७० |

## ४. जलश्रोत तथा भूमि समिति

| क्र.सं. | कार्यालयको नाम | प्रस्तावित बजेट (रु. हजारमा) | |
|---|---|---|---|
| | | चालू | पूँजिगत |
| १. | मध्यमाञ्चल सिंचाई विकास डिभिजन नं. २ | ७८०० | १२७४५० |
| २. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय | ० | १०९००० |
| ३. | डिभिजन सडक कार्यालय | ० | ७१००० |
| | **जम्मा** | ७८०० | ३०७४५० |

## ५. विभिन्न गैर सरकारी संस्थाहरु तर्फ

| क्र.सं. | कार्यालयको नाम | प्रस्तावित बजेट (रु. हजारमा) | |
|---|---|---|---|
| | | चालू | पूँजिगत |
| १. | विभिन्न गैर सरकारी संस्थाहरु | ८४१३३ | ३०५७५८ |
| | जम्मा | ८४१३३ | ३०५७५८ |

## आ.व. ०७२।०७३ को प्रस्तावित कूल बजेट

| क्र.सं. | कार्यालयको नाम | प्रस्तावित कूल बजेट (रु. हजारमा) | | चालू र पूँजिको कूल जम्मा (रु. हजारमा) |
|---|---|---|---|---|
| | | चालू | पूँजिगत | |
| १. | विषयगत कार्यालय १+२+३+४ को कूल जम्मा | १०६८४२१ | १८५३२४२ | २९२१६६३ |
| २. | विभिन्न गैर सरकारी संस्थाहरु | ८४१३३ | ३०५७५८ | ३८९८९१ |
| | कूल जम्मा | ११५२५५४ | २१५९००० | ३३११५५४ |